


PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

epratеekdaily.com

पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) को पालना गरौं।

समाचार प्रकाशन/प्रसारण गर्दा महिला र बालबालिकाका संवेदनशीलतालाई ध्यान दिऔं ॥

पत्रकार र सञ्चारमाध्यमले हिंसा, आतङ्क, अश्लीलता र अपराधलाई प्रश्रय दिने गरी समाचार सम्प्रेषण नगरौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❖ वर्ष ३४ ❖ २०७७ चैत ११ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 March 24 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २०८

## कोभिड सङ्कट व्यवस्थापन समितिको बैठकः सीमानाकामा कडाइ गर्ने निर्णय

प्रस, वीरगंज, १० चैत/

पर्सा जिल्लामा कोरोना सङ्क्रमितहरू फेला परेको र भारतमा कोरोना सङ्क्रमितहरूको सङ्ख्या बढेसँगै कोभिड सङ्कट व्यवस्थापन समिति, पर्साको बैठक मङ्गलवार बसेको छ ।

आज बसेको बैठकले सीमानाकामा कडाइ गर्ने, सशस्त्र र जनपद प्रहरीलाई कोरोना नियन्त्रणको लागि तयारी अवस्थामा राख्ने र मुख्य नाकामा सेना परिचालन गर्ने तथा हेल्प डेस्क राख्ने निर्णय भएको प्रमुख जिल्ला अधिकारी एवं समितिका संयोजक आसमान तामाङले बताए । उनले कोभिड सङ्क्रमितहरू बढ्न सक्ने सम्भावनालाई दृष्टिगत गर्दै पर्सा जिल्लाका नारायणी अस्पताल, बगही स्वास्थ्य चौकी, पोखरिया अस्पताल, धोबिनी गापाको भिखमपुर स्वास्थ्य चौकीमा कोभिड सङ्क्रमितहरूको लागि शय्याको व्यवस्था गर्ने निर्णय गरेको छ । यसैगरी, फागु पूर्णिमालाई लक्षित गरेर होली खेल्ने क्रममा २५ जनाभन्दा बढीको भीड नगर्न प्रजिअ तामाङले आग्रह गरे ।


तस्वीरः नितेश कर्ण

नारायणी अस्पतालमा १५ शय्या र पोखरिया र भिखमपुरमा गरी ५/५ शय्याको व्यवस्था गरिने तथा नेशनल मेडिकल कलेज कोरोना अस्पताललाई पुनः सञ्चालनमा ल्याउन मन्त्रालयसँग स्वीकृति माग्ने बैठकले निर्णय गरेको छ।

नारायणी अस्पतालमा एक सातामा १४ जना कोरोना सङ्क्रमित फेला परेपछि तीन महीनादेखि निष्क्रिय रहेको कोभिड सङ्कट व्यवस्थापन समिति जागरूक भएको हो ।

आज बसेको बैठकमा प्रमुख जिल्ला अधिकारी आसमान तामाङ, नगरप्रमुख विजयकुमार सरावगी, उपप्रमुख शान्ति कार्की, नारायणी अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा सञ्जय ठाकुर, प्रहरी उपरीक्षक बेलबहादुर पाण्डे, प्रमुख सेनानी मदनजङ्ग राणा, राष्ट्रिय अनुसन्धानका उपनिर्देशक टीकाप्रसाद खरेल, स्वास्थ्य कार्यालय, पर्साका प्रमुख कामेश्वर चौरसिया, जिल्ला समन्वय समिति, पर्साका सभापति नेकमहम्मद अन्सारी, वीरगंज महानगरका स्वास्थ्य शाखा प्रमुख अरुणकुमार महतो, प्रमुख कर अधिकृत सुनील यादव, प्रमुख भन्सार प्रशासक महेश आचार्य, घरेलु तथा साना उद्योग प्रमुख रीना साह, वीरगंज कारागारका जेलर किरण थापालगायतको सहभागिता थियो।

## भूमिसुधार तथा मालपोतका कर्मचारीले पुसदेखि तलब पाएनन्

प्रस, परवानीपुर, १० चैत/

भूमिसुधार तथा मालपोत कार्यालय पर्साका कर्मचारीहरूले गत पुसदेखि फागुन मसान्तसम्म तीन महीनाको तलबभत्ता पाएका छैनन् । कोष तथा लेखा नियन्त्रण कार्यालय पर्साका अधिकृत विष्णु सुवेदीले बताए । उनले गत कात्तिकमैं कार्यालय प्रमुखहरूको बैठकमा यस्तो नियमबारे जानकारी गराउँदा पर्साका ६४ वटा सरकारी


मालपोत कार्यालय, पर्सामा सेवाग्राहीको भीड । तस्वीरः प्रतीक

कार्यालयमध्ये १२ वटाले मात्र तलबी प्रतिवेदन स्वीकृति गराएका थिए । ५२ वटा कार्यालयले तलबी प्रतिवेदन पेश गराएका छैनन् । तर बैठकपछि अन्य सबैले प्रतिवेदन पेश गरी तलबभत्ता पाउँदै आएका छन् ।

कार्यालय प्रमुख तथा लेखापालको लापरवाहीका कारण उनीहरूले तलबभत्ता नपाएका हुन् ।

कार्यालयले चालू आवको साउनमा पेश गर्नुपर्ने तलबी प्रतिवेदन कोष तथा लेखा नियन्त्रक कार्यालय पर्सामा पेश गरी स्वीकृत नगराएको कारण तीन महीनादेखि कोलेनिकाले कर्मचारीहरूको तलबभत्ता रोक्का राखेको हो ।

निजामती सेवा ऐन नियमावली २०५० बमोजिम हरेक वर्ष साउन मसान्तमा सरकारी कार्यालयमा कुन महीनामा कुन कुन कर्मचारीको तलबभत्ता कुन कुन ग्रेड अनुसार भुक्तानी दिनेबारेमा तलबी प्रतिवेदन पेश गरी स्वीकृत गराउनुपर्ने व्यवस्था छ। तर गत साउनदेखि हालसम्म तलबी प्रतिवेदन नआएकोले पुस, माघ र फागुन महीनाको तलब नखुवाएको

भूमिसुधार तथा मालपोत कार्यालय र नारायणी अस्पतालको तलबी प्रतिवदेन स्वीकृत हुन बाँकी रहेकोले तलबभत्ता नपठाएको उनले बताए । नारायणी अस्पतालका कर्मचारीहरूको दरबन्दी केन्द्रीय निजामती किताबखानामा प्रदेश सरकार मातहत देखिएकोले प्रतिवेदन स्वीकृति हुने प्रक्रियामा रहेकाले तलबभत्ता पठाइएको तर भूमिसुधार तथा मालपोत कार्यालयले मङ्गलवार मात्र प्रतिवेदन पेश गरेकोले चाँडै स्वीकृत गरी तलब पठाउने उनले आश्वासन दिए ।

## कोरोनाविरुद्धको खोपले स्मरण शक्ति गुम्यो

प्रस, परवानीपुर, १० चैत/

कोरोनाविरुद्धको खोप लगाएपछि बारामा एकजनाको स्मरणशक्ति गुमेको


न्यूरो सर्जन डा विपिन चौरसिया

घटना सार्वजनिक भएको छ । बारा कलैया-११ विश्वम्भरपुर टोल बस्ने ६५ वर्षीय ऐनुल अन्सारीले खोप लगाएको ५ दिनपछि उनको स्मरणशक्ति गुमेको थियो ।

फागुन २९ गते नजीकै स्वास्थ्यचौकीमा खोप लगाएका अन्सारीलाई ३-४ दिनसम्म टाउको दुख्ने र हल्का ज्वरोले सताइरहेको भए तापनि पाँचौं दिन उनले घरपरिवारका मानिसलाई चिन्न छोडेपछि परिवारजनले उपचारका लागि वीरगंज लिङ्क रोडस्थित भवानी अस्पतालमा भर्ना गराएका थिए।

उपचारको क्रममा उनलाई एक दिन नसा मजबूत गर्ने औषधि चलाएपछि उनको स्मरणशक्ति पुनः फिर्ता भएको थियो।

न्यूरो सर्जन डा विपिन चौरसियाका अनुसार कोरोना खोपको हिस्ट्रीले गर्दा यस्तो जटिलता उत्पन्न भएको हुन सक्ने बताए ।

अक्सफोर्ड/अस्ट्राजेनिकाले भारतको सिरम इन्स्टिच्यूटमार्फत विकास गरेको कोभिशिल्ड खोपलाई मात्रै हालसम्म नेपाल सरकारले आपत्कालीन प्रयोगको लागि अनुमति दिएको छ ।

कोभिशिल्ड खोप लगाएको पाँच दिनपछि यस्तो अवस्था सृजना हुने चिकित्साशास्त्रको लागि एउटा चिन्ताको विषय भएको बताए। उनले यस विषयमा सरोकारवालाहरूको ध्यान जानुपर्ने धारणा राखे। उनका अनुसार 'सर्ट टर्म मेमोरी लस'को समस्या लिएर आएका बिरामीमा डाइग्नोसिस गर्दा ट्रान्जियन्ट ग्लोबल एम्नेसियाको अवस्था विश्लेषण गरेर औषधोपचारपछि आइतवार साँझ बिरामीलाई घर पठाइएको बताए।

यस विषयमा स्वास्थ्य विभाग अन्तर्गतको उपचारात्मक महाशाखाका प्रमुख डा मदन उपाध्यायले कोभिशिल्डको यस्तो असर प्रथमपटक सुनिएको बताए। उनले कुनै खोपमा खोप लगाएको केही समयमैं असर देखिन्छ भने कुनैमा दीर्घकालीन असर देखिने बताए। कोरोना र विकसित खोप पनि नयाँ भएकोले अहिले पनि अध्ययनकै चरणमा रहेको बताए ।

## ग्रामीण क्षेत्रका निजी बैंकको सेवामा ढिलासुस्ती

प्रस, सेढवा, १० चैत/

पर्साका ग्रामीण क्षेत्रमा सञ्चालित निजी बैंकहरूबाट सेवाग्राहीहरूले दुःख पाइरहेको गुनासो बढेको छ ।

स्थानीय तहमा 'क' वर्गका वाणिज्य बैंकका शाखा स्थापना भएपनि नगद जम्मा गर्ने र चेकको भुक्तानी लिनेबाहेक


ग्रामीण क्षेत्रका एक बैंक अगाडि लामबद्ध सेवाग्राही । तस्वीरः फाइल

अन्य सेवाका लागि सेवाग्राहीहरूले दुःख भोग्नुपरेको बताइएको छ। जगरनाथपुर गापा-३ निवासी विनोद साहले पर्सागढीस्थित एनआइसी एशिया बैंकको अकाउन्टपेयी चेक जीराभवानी गापाको शाखामा क्लियरिङको लागि जम्मा गराएकोमा चार दिनदेखि चेक क्लियरिङ नहुँदा दुःख झेल्दै आएको गुनासो गरे ।

उनले सो बैंकमा शुक्रवार अकाउन्टपेयी चेक क्लियरिङको लागि जम्मा गराएको तर सोमवारसम्म पनि सोको क्लियरिङ नभएको बताए । उनले वीरगंजमा एनआइसी एशियाकै जुनसुकै शाखामा अकाउन्टपेयी चेक जम्मा गराउँदा भोलिपल्ट भुक्तानी पाउने गरेको तर ग्रामीण क्षेत्रमा चौथो दिनसम्म पनि चेक क्लियरिङ नभएको दुःखेसो पोखे ।

पटेर्वासुगौली गापामा रहेको सानिमा विकास बैंकको चेक जीराभवानी गापास्थित एनआइसी एशिया बैंकमा क्लियरिङको लागि जाँदा सो सुविधा नभएको भन्दै फर्काइएको पटेर्वासुगौली गापा-४ का नीरज दास थारूले गुनासो गरे। उनले जीराभवानीस्थित एनआइसी एशियामा चेक क्लियरिङको सुविधा नभएको र त्यहाँका कर्मचारीले सोही बैंकको भिस्वा शाखामा जान सुझाव दिएको बताए ।

सोमवार भिस्वा पुगेका उनले त्यहाँका कर्मचारीले पनि चेक क्लियरिङ मेशिन बिग्रेको भनेर वीरगंज पठाएको बताए । उनले शुरूमैं वीरगंज पठाइएको भए आफूले गाउँका बैंकहरूमा धाइरहनु नपर्ने बताए ।

पर्साका ग्रामीण क्षेत्रमा इन्टरनेटको समस्याले गर्दा चेक साट्ने, नगद जम्मा गर्नेबाहेकका सेवाहरूमा ढिलाइ हुने गरेको छ निजी बैंकका शाखा प्रबन्धकहरूको भनाइ छ।

## किर्ते नागरिकता बनाएको अभियोगमा परिवारका छजना कारबाईमा

प्रस, सप्तरी, १० चैत/

विवरण ढाँटेर नेपाली नागरिकता लिएको अभियोगमा एकै परिवारका छजनामाथि कैद सजाय भएको छ । सप्तरी जिल्ला अदालतले मङ्गलवार भारतीय नागरिकले नेपाली नागरिकता लिएको ठहर गर्दै एकै परिवारका छजनालाई कैद र जरिवानाको सजाय तोकेको हो ।

नेपाली महिलासँग विवाह गरेका भारतको बिहार, मधुवनीको घोघडिह स्थायी घर भएका ७० वर्षीय गङ्गाधर यादवसहित उनका दुई छोरा, दुई बुहारी र एक नातिलाई कैदका साथै जरिवानाको सजायको फैसला गरेको हो । जिल्ला न्यायाधीश रीता बखेलको एकल इजलाशले गङ्गाधरलाई तीन वर्ष कैद र रु २० हजार जरिवाना, उनका छोरा कमलदेव र अमरेन्द्रलाई दुई/दुई वर्ष कैद र रु १०/१० हजार जरिवाना, बुहारी गुलाबदेवी र ममतादेवीका साथै नाति विवेकानन्दलाई जनही एक वर्ष कैद र रु १० हजार जरिवानाको फैसला भएको अदालतको श्रेस्ता शाखाले जनाएको छ।

सामाजिक परम्परा अनुसार ५० वर्षअघि सुभद्रादेवीसँग पहिलो विवाह गरेका गङ्गाधरले भारतीय महिलासँग दोस्रो विवाह गरी भारतमा बसोबास गर्दै आएका छन् । सुभद्रादेवी भने डाक्नेश्रीस्थित माइतमा बस्ने गर्छिन् । गङ्गाधरले आफ्नी सासूको नागरिकता नम्बर किर्ते गरी आफ्नो बनाएको र मतदाता परिचयपत्रसमेत बनाइ मतदान गर्दै आएका छन् । अदालतका सूचना अधिकारी हेमबहादुर बुढाथोकीका अनुसार गङ्गाधरकै किर्ते नागरिकताका आधारमा उनका छोरा, बुहारी र नातिले समेत वंशजको नेपाली नागरिकताको प्रमाणपत्र लिएका हुन् ।

जिल्ला प्रशासन कार्यालयमा डाक्नेश्वरी नगरपालिका-२ का अरुणकुमार यादवबाट कात्तिक १६ गते उजूरी परेपछि प्रशासनले छानबिन शुरू गरेको थियो। जिल्ला प्रशासन कार्यालयले त्यसबारे छानबिन गर्न प्रहरीमा कात्तिक २० गते पत्राचार गरेपछि प्रमाण खोज्दै जाँदा उनीहरूको नागरिकता किर्ते रहेको ठहर भएको जिप्रका सप्तरीले जनाएको छ।

**सबैभन्दा बढी समयको कदर र त्योभन्दा बढी ती सम्बन्धहरूको जसले समयमा साथ दिएका थिए।**

**-विचारसार र सूक्तिहरू**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# रहर कि बाध्यता ?

**फेरि कोरोनाको लहर आउने र लकडाउनको मानसिक स्थितिमा देश पुगेको छ। पहिलो चरणमा पनि लहैलहैको भरमा लामो समयसम्म देशलाई लकडाउनमा राखियो। यद्यपि लकडाउनको उद्देश्य चाहिं पूरा भएन। लकडाउनको उद्देश्य थियो, कोरोना सङ्क्रमणको प्रवाह नहोस्, तर भयो। सरकार नै आत्तिएर परीक्षण नै नगर्ने निधोमा पुग्यो। परीक्षण गर्दा जतिखेर पनि सङ्क्रमितको सङ्ख्या मात्र बढ्ने, सङ्क्रमणविरुद्ध गर्न केही नसक्ने अवस्थामा सरकारले हरुवा गोरुको छेरुवा दाउ लियो। अर्थात् पिसिआर परीक्षण नै नगर्ने। परीक्षण नै भएन भने सङ्क्रमण छ कि छैन थाहा हुँदैन। थाहा नहुनुको अर्थ हामीकहाँ कोरोना छैन भन्ने बुझियो। त्यसै भ्रममा धेरै मानिस सङ्क्रमित भए। पछिपछि सरकारले उपचारबाट पनि हात तान्यो र नागरिकलाई भाग्यभरोसे छाडिदियो। धन्य नेपालीहरूको इम्युनिटी पावर, सरकारको यत्रो नालायकीमा पनि महामारी कोरोनालाई पराजित गरेर नै छाडे। अन्य विकसित र साधनसम्पन्न मुलुकको तुलनामा नेपालमा कोरोनाबाट मृत्यु हुनेहरूको सङ्ख्या नगण्य नै रह्यो। अहिले त खोप पनि आइसकेको छ र लाखौं मानिसले लगाइ पनि सकेका छन्।**

**नेपालमा एउटा विचित्रको अवस्था देखिन्छ। जनता जुनसुकै पनि समस्याको समाधान सडकमा देख्छ। सरकार भने समस्या आयो कि जुझ्नुको साटो पलायनको बाटो अख्तियार गर्छ। हिजो जब कोरोनाको पहिलो प्रवेश भयो, न राम्ररी सीमा बन्द गर्न सक्यो, न क्वारेन्टाइन राम्ररी सञ्चालन गर्न सक्यो। गर्‍यो त लकडाउन र त्यसै निहुँमा सडकबाट समाधान खोज्ने जनताको डडाल्नो भस्काउन थाल्यो। जनता र सरकारको रहर मिल्दोजुल्दो छ। कोरोना सङ्क्रमण सरकारलाई हुने होइन, नागरिकलाई हुने हो। सतर्क नागरिक रहनुपर्छ। सतर्क रहनका लागि ठूलो तामझाम पनि आवश्यक छैन। मास्क लगाउने, साबुनपानीले हात धुने र व्यक्ति-व्यक्तिबीच दूरी कायम राख्ने। यतिमात्र गरेको भए अस्ति पिसिआर परीक्षण गर्दा पोजिटिभ परिणाम आउने थिएन। किनकि वीरगंजमा कोरोनाविरुद्ध लडाइँमा अग्रपङ्क्तिमा रहेका चिकित्सकहरूले घरीघरी बताइरहेका थिए, मास्क मात्र पनि प्रयोग गरे कोरोना सङ्क्रमणबाट धेरै हदसम्म जोगिन सकिन्छ। तर नेपाली जनताको सतर्कतासँग टाढाटाढाको पनि सम्बन्ध छैन। रोग लाग्दैन भन्ने अति विश्वास र लागिहाले सडक तताउनुको आनन्द बोनसमा।**

**सरकारको पनि हात चिलाउन थालेको छ क्यारे ! कोरोनाको दोस्रो लहर आउन थालेको गाइँगुइँ चल्न मात्र पाएको छैन, लकडाउनका लागि तयार रहन जनताको मानसिकता सकारात्मक बनाउन शुरू गरिसक्यो। यो थाहा छ कि जनता मान्दैन। बाहिर निस्कन्छ। तर रोकथामको सजिलो बाटो लकडाउन गर्ने र जनतामाथि रिस फेर्ने सामन्तवादी सोचले ग्रस्त छ। धूमधामका साथ कोरोनाप्रतिरोधी क्रियाकलाप आत्मसात् गर्न कहिले भन्दैन, त्यसको प्रचारप्रसार गर्दैन। लकडाउनले दिने अर्को आनन्द त झन् सरकारको अभीष्ट नै हो। लकडाउनको निहुँमा सरकारविरोधी गतिविधिमा अङ्कुश लगाउन पाइन्छ। कुर्सीमा अटसमटस गर्न थप समय जुर्छ। यति विघ्न लाभ छाडेर परामर्श दिन कसले टाउको दुखाओस् ? लकडाउन मात्र होइन, निषेधाज्ञा नै लागू गर्न पाए झन् खुदो पल्टिन्छ। अझ परिस्थिति यस्तो बनोस् कि सेनालाई सडकमा मार्च गराउन पाइयोस्। अनि सत्ता पनि आफ्नो, सत्तालीला पनि आफ्नो।**

# हैप्पी होली !

स्वतन्त्र विचार



विनोद गुप्ता

**२०२० मा ९२औं स्थानमा रहेको हामी २०२१ मा जुन गति र चालाले ८७औं स्थानमा पुग्यौं, त्यही गति र चालाले आउँदो २० वर्षमा त पक्कै फिनल्यान्डलाई उछिन्न सक्छौं। त्यसो हो भने परिवर्तन किन चाहियो ? आखिर चुनाव भएपनि जितेर आउने अहिले भएकामध्ये नै हुन्।**

सरकार आगामी आवको बजेटको तयारीमा लाग्ने क्रममा सरोकारवालाहरूसित सुझाव लिने कार्य पनि भएको छ। कोरोना महामारीका कारण थलिएका उद्योग व्यवसायलाई पुनर्जीवन दिनुपर्ने तथा कोरोनाका महामारीलाई अवसरको रूपमा उपयोग गर्नुपर्ने रटान पटक-पटक सुन्न पाइएकै हो। गर्नुपर्ने त हो तर कुनै विज्ञ-विशेषज्ञले असारे खर्चबाहेक वास्तविक विकास बजेटको २८-३० प्रतिशत मात्रै खर्च हुने देशमा यो कसरी सम्भव छ वा कसरी वास्तविक विकास खर्च बढाउने बाटो बताइदिए हुन्थ्यो। सन् १९७० मा नेपाल र चीन दुवैको प्रतिव्यक्ति आय १७० डलर रहेकोमा अहिले ५० वर्षको अन्तरालमा चीन विश्वकै शक्तिशाली राष्ट्र बन्न सफल हुन थालिसकेको बेला हामी बल्ल एक हजार डलर प्रतिव्यक्ति आयमा सीमित छौं। अहिलेको एक हजार डलर प्रतिव्यक्ति आयलाई १० वर्षमा ५ हजार अमेरिकी डलर पुर्‍याउने लक्ष्य लिइएको छ। यसका लागि विकास निर्माणको कार्यलाई व्यापक बनाउनु जरूरी छ जुन हुन नसकेको निर्विवाद छ। नयाँ योजनाको त कुरै छाडौं पुरानै राष्ट्रिय गौरवका आयोजनाहरूको अवस्था दयनीय छ। यस्तोमा नेपाल आउँदो ५ वर्षमा अतिकम विकसित देशको सूचीबाट विकासशील देशको सूचीमा सामेल हुन गइरहेको छ। विकासशीलबाट मध्यम स्तरको आय भएको देश बन्न २०३० सम्म करीब ३ सय खर्ब रुपियाँ आवश्यक पर्नेछ। कोरोनाबाहेक सामान्य अवस्थामा समेत आन्तरिक राजस्वबाट कर्मचारीको तलब नै अपुग हुन लागेको र विकास निर्माणको यस्तो दुरवस्था भएको बेला यस समस्याको समाधान गर्न बैठक वा छलफल गर्न जुट्नुपर्ने राजनैतिक दलहरू कुर्सीको हानथापमा जुटेको पाइन्छ। विगतमा प्रधानमन्त्रीले गरेको संसद् विघटनको सिफारिशलाई राष्ट्रपतिसमेतले क्षणभरमैं स्वीकृत गर्नु र त्यस्तो कार्य रोक्ने प्रयोजनका लागि विशेष अधिवेशनको माग गर्न पुगेका सांसदहरूलाई नभेटेर फर्काइदिनुले नेपालमा संविधानले गणतन्त्र भने पनि राज्यशक्ति भएकाहरूको हातमा उनीहरूको सोचमा दासतन्त्र हावी रहेको देखन पाइन्छ। सर्वोच्चले विघटन असंवैधानिक घोषणा गरेपछि पनि राष्ट्रपतिले आफ्नो बङ्गलादेश भ्रमणबारे छलफल बोलाएको सर्वदलीय कार्यक्रममा प्रमले पुनः संसद् विघटनको कुरा उठाउनु र राष्ट्रपतिले प्रजातन्त्रमा चुनाव हुनु सामान्य प्रक्रिया हो भन्ने मन्तव्य राखनुबाटसमेत उही कुराको सङ्केत मिल्दछ। होइन भने प्रम र राष्ट्रपति दुवैले शक्ति पृथकीकरणको सिद्धान्त स्वीकार गर्दै कि नैतिकताको आधारमा राजीनामा दिनुपर्ने हो त्यस्तो गर्न सकिन्न भने संसद्लाई काम गर्न दिई सामान्य अवस्थामा चल्न दिनुपर्ने हो। नैतिकताको प्रश्न प्रममाथि मात्रै लागू हुँदैन। नेकपाबाट माओवादी केन्द्र बन्न पुगेको दलले पनि आफ्नो समर्थन आजसम्म फिर्ता लिन सकेको छैन भने जसपामा उपेन्द्र यादव र डा. भट्टराई समूह काङ्ग्रेससँग र महन्थ ठाकुर एवं राजेन्द्र महतो ओलीसँग मिल्ने पक्षमा देखिएकाले काङ्ग्रेसले समेत जसपाको पूर्ण समर्थन नभई बहुमतको सरकार बन्ने अवस्था नभएकोले यो खेलमा अगाडि सर्न सकेको छैन। एमालेमा ओलीले आफ्नो पक्षमा जतिसुकै विधान संशोधन गरे पनि, तर्साएर केही सांसदलाई आफ्नो पक्षमा तान्नेबाहेक केही गर्न सक्ने छैनन् किनभने यसो गर्दा संसद्मा अन्ततः एमालेकै सिट सङ्ख्या घट्न पुग्नेछ। यो अवस्थामा नेपालको अवस्था एमाले कुर्सी नछाड्ने, माओवादी समर्थन फिर्ता नलिने, काङ्ग्रेस चुनावमा जाने वा बहुमतको ग्यारेन्टी भएपछि मात्र सरकारमा जाने र जसपा विभाजनको ढोकामा उभिन पुगेको छ। आखिर यो अवस्थाले हामीलाई कहाँ पुर्‍याउने हो र के यो अवस्था जटिल वा गम्भीर छ भनेर विचार गर्नु सबै नेपालीको चिन्ताको विषय हो।

राजनीतिमा जे होस् अर्थनीतिमा हामीले फडको मार्‍यामार्‍यै छौं। विश्व बैंकले रेमिटयान्स घट्ने प्रक्षेपण गरेपनि हाम्रो भने बढेकोबढ्यै छ। प्रजातन्त्र पुनर्स्थापनापछिको ११ वर्ष अर्थात् २०४७-२०५८ सम्म, २०५२ सालदेखि माओवादी द्वन्द्व शुरू भएको भए पनि सरदर वार्षिक आर्थिक वृद्धिदर ५.३ प्रतिशत रहेको पाइन्छ भने शाही 'कू' र चरम माओवादी द्वन्द्वको ५ वर्ष अर्थात् २०५९ -२०६३ सम्मको आर्थिक वृद्धिदर एक आवको ऋणात्मकसमेत गरी ३ प्रतिशत र लोकतान्त्रिक गणतन्त्रको १० वर्ष अर्थात् २०६४-२०७३ को सरदर आर्थिक वृद्धिदर ३.५ प्रतिशतभन्दा माथि बढेको पाइँदैन भने कोरोनाकालको त झन् २-२.५ प्रतिशतमा कायम नै रहेको अवस्थामा समते हामी दक्षिण एशियाकै सबैभन्दा खुशी राष्ट्रमा दरिएका छौं। २०१९ मा सयौं स्थानमा रहेको नेपाल २०२० मा ९२ औं स्थान र २०२१ मा नेपाल १४९ देशमध्ये ८७ औं स्थानमा पुग्न सफल भएको छ। दक्षिण एशियामा भारतको १४४ औं स्थान छ। रिपोर्टले फिनल्यान्डलाई विश्वकै सर्वाधिक खुशी देशको रूपमा पहिलो स्थान दिएको छ। कुल गार्हस्थ्य उत्पादन, सामाजिक सहयोग, व्यक्तिगत स्वतन्त्रता र भ्रष्टाचारको अवस्थालाई अध्ययनको सूचक मानिएको भनिएको छ। २०२० मा कोरोनाले धरापमा नै पारेको गार्हस्थ्य उत्पादन, सामाजिक सहयोगको नाममा छुवाछूत, बोक्सी, बलात्कार, यौनजन्य हिंसा, महिला हिंसा, आत्महत्या नै बर्सेनि ८ हजार पुगेको आँकडा प्रकाशित भएको, व्यक्तिगत स्वतन्त्रताको हकमा पनि उस्तै अवस्था रहेको र भ्रष्टाचारको सम्बन्धमा ट्रान्सपरेन्सी इन्टरनेशनलको रिपोर्टले देखाएको अवस्थाका बावजूद हामी दक्षिण एशियाकै सबैभन्दा खुशी देश हुन पुगेकोमा गौरवान्वित हुनैपर्छ।

वास्तवमा हाम्रो विचारमा देशको अवस्था यति विधि बिग्रेको छ भने यस्तो कीर्तिमान कसरी हासिल हुन सक्दछ भन्ने प्रश्न उठ्नु स्वाभाविक छ। २०२० मा ९२औं स्थानमा रहेको हामी २०२१ मा जुन गति र चालाले ८७औं स्थानमा पुग्यौं त्यही गति र चालाले आउँदो २० वर्षमा त पक्कै फिनल्यान्डलाई उछिन्न सक्छौं। त्यसो हो भने परिवर्तन किन चाहियो ? आखिर चुनाव भए पनि जितेर आउने अहिले भएकामध्ये नै हुन्। यिनले केही गरे पनि नगरे पनि, ५ अङ्क प्रत्येक वर्ष यसै अवस्थामा उक्लिन पाइन्छ भने केही गर्नु नै किन पर्‍यो ? राम्रो आर्थिक विकास गरेको भनिएको बङ्गलादेश पनि दक्षिण एशियामा नै पर्ने र हामीले केही नगरी त्यसलाई समेत उछिनेको हर्षोल्लास र उमङ्ग नमनाउने कुरा भएन। संयोग झन् कस्तो राम्रो भने होली नजीकिएको छ। त्यसैले यो वर्षको होली हामी सबैले हाम्रा शासकहरूलाई यत्रो उपलब्धिका लागि धन्यवाद दिंदै हर्ष र उल्लासका साथ मनाउनुपर्दछ। तर यस हर्ष र उल्लासमा सामाजिक दूरी कायम गर्दै पटक-पटक साबुन पानीले हात धुने र मास्क लगाउने बानी नछोड्न अनुरोध गर्दछु। मेरोतर्फबाट पनि सबैलाई हैप्पी होली !

# वैदेशिक रोजगारबारे निजगढमा छलफल

प्रस, निजगढ, १० चैत/

वैदेशिक रोजगारका बारे छलफल कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा निजगढ नगरपालिकाका प्रमुख सुरेशकुमार खनालले आर्थिकरूपमा आफूलाई समृद्ध बनाउने रहर र बाध्यताका कारण प्रायः युवा विदेशिने गरेको बताए। आफू पनि अढाई दशकअघि वैदेशिक रोजगारका लागि कोरिया गएको सम्झँदै मुलुकभित्रै काम गर्ने वातावरण नहुँदाको कस्तो पीडा हुन्छ भन्ने कुरा महसूस आफूले पनि गरिसकेको बताए। "रहरभन्दा पनि बाध्यता हुन्छ।

युवा उमेरमा केही गरौं भन्दाभन्दै पनि केही सीप नलागेपछि एकपटक भएपनि विदेशिने र त्यहाँबाट पैसा कमाएर भविष्यमा केही गर्छु भन्ने मनमा हुँदोरहेछ," उनले भने, "त्यस बेलाभन्दा अहिलेको बेला फरक छ। त्यस बेला देश द्वन्द्वमा फसेको थियो। अहिले परिस्थिति बेग्लै छ।"

कार्यक्रम आयोजक संरक्षित आप्रवासका लागि राष्ट्रिय सञ्जालका अध्यक्ष अशोक रानाले वैदेशिक रोजगारमा संलग्न भइसकेका निजगढ नगरपालिकाका व्यक्तिलाई निजगढमैं केही गरौं भन्ने सोच र चाहना भएकाहरूलाई स्थानीय सरकारले आवश्यक सहयोग गर्न तयार रहनुपर्ने बताए।

विदेशिने नागरिकलाई सरकारले नेपालमैं अवसर दिने हो भने स्वदेशी रोजगारसँगै आर्थिकरूपमा ठूलो परिवर्तन आउने उनले दाबी गरे। स्थानीय तहहरूले व्यावसायिक कृषि, साना तथा मझौला उद्यम विकास र प्रवर्धनमा ध्यान दिनुका साथै परम्परागत रोजगार र श्रमप्रतिको दृष्टिकोण परिवर्तन गरी विप्रेषणको विकल्प खोजी विदेशी मुद्रा आर्जनका स्रोतहरू वृद्धि गर्नुपर्नेमा उनले जोड दिए।

कार्यक्रममा निजगढ नगरपालिका वडाध्यक्षहरू केशव ढोडारी, रामजीप्रसाद बजगाईं, रिटर्नी माइग्रेट नेपालका रामकृष्ण घिमिरेलगायतले वैदेशिक रोजगारका कारण उत्पन्न हुने समस्या उजागर गरेका थिए।

कार्यक्रममा जनप्रतिनिधि र स्थानीय गरी करीब ४० जनाको सहभागिता थियो। कार्यक्रमको सञ्चालन संस्थाका सदस्य मञ्जु गुरुङ र सहजीकरण नीलाम्बर बडालले गरेका थिए।




तस्विर : जीतलाल श्रेष्ठ

# भीमफेदी-कुलेखानी सडक सञ्चालन तयारी

प्रस, मकवानपुर, १० चैत/

दुई महीनादेखि बन्द रहेको हेटौंडादेखि भीमफेदी-कुलेखानी-काठमाडौं सडक सञ्चालनको तयारी पूरा भएको छ। मरम्मतसम्भार र कालोपत्र गर्नका लागि बन्द गरिएको उक्त सडक बुधवार बिहानदेखि पुनः सञ्चालनमा आउने तयारी भएको वाग्मती प्रदेश यातायात पूर्वाधार निर्देशनालयले मङ्गलवार जानकारी गराएको हो।

सडक निर्माण तथा मरम्मतसम्भारको काम अन्तिम चरणमा पुगेकोले अब बाँकी कामको लागि यातायात बन्द नै गर्नुपर्ने अवस्था नरहेको समितिले जनाएको छ। जम्मा रु ३४ करोड बजेटको काम हुनुपर्ने उक्त सडकखण्डमध्ये भीमफेदीदेखि देउराली भञ्ज्याङसम्मको आठ किलोमिटर सडकका लागि १८ करोड रुपैयाँ विनियोजन गरिएको थियो।

त्यसैगरी, देउरालीदेखि कुलेखानी हेबी चौरसम्मको साढे सात किलोमिटर सडकका लागि रु १६ करोड बजेट छुट्याइएको थियो।

भीमफेदी-कुलेखानी-हेबीचौरसम्म पुरानो सडक फराकिलो पारिएको छ। त्यहाँ ढल तथा पर्खाल पनि निर्माण भएका छन्।

मदन भण्डारी राजमार्ग अन्तर्गत सिस्नेरीदेखि काठमाडौंको दक्षिणकाली जोड्ने सडक मरम्मतको उत्तरार्द्धमा रहेको वाग्मती प्रदेश यातायात पूर्वाधार निर्देशनालयका निर्देशक डा सहदेव भण्डारीले बताएका छन्।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोनः ९८४५११९४४८

# जडीबुटीद्वारा स्वास्थ्य संरक्षण

**३) लसुन (एलियम सैटाइवम-गार्लिक)**

यसको आन्तरिक प्रयोगको प्रतिपादन यस पुस्तकमा छैन किनभने अध्यात्म प्रयोजनबाट नै सही, औषधि प्रयोजनबाट भूल नहोस् यसको तमोगुणी अन्तरङ्ग प्रभावको कारण यसलाई सात्त्विक आहार मानिँदैन। तर बाहिरी उपचारको दृष्टिले यो एउटा उत्तम श्रेष्ठ औषधि हो, यसको विषयमा दुई मत हुन सकिँदैन। लशति छिनत्ति रोगान् लशुनम् अर्थात् जसले रोगलाई ध्वंस गर्छ, त्यसलाई लसुन भनिन्छ। यसलाई रसोन् पनि भनिन्छ।

यो केही–केही प्याजजस्तै मिल्दोजुल्दो बिरुवा हो, जसको बिरुवा कोमल–कोमल काण्डयुक्त ३० देखि ६० सेन्टिमिटर लामो हुन्छ। पात च्याप्टो, पातलो हुन्छ र यसलाई मिच्दा एक प्रकारको उग्र गन्ध आउँछ। पुष्प काण्डको बीचबाट निस्किन्छ। जसको शीर्षमा गुच्छादार सेतो फूल हुन्छ। कन्द श्वेत वा हलुका गुलाबी रङ्गको आवरणले ढाकिएको हुन्छ जसमा ५ देखि १२ ससाना जौंको आकारका कन्द हुन्छन्। यसलाई मिच्दा तीव्र–अप्रिय गन्ध आउँछ। सुक्खा शीतल स्थानमा जहाँ हावाको समुचित प्रवेश हुन्छ, त्यहाँ यसलाई ६ महीनासम्म सुरक्षित राखेर प्रयोग गर्न सकिन्छ।

डा नादकर्णी अनुसार लसुनको तेल लिंनिमेन्ट र पुल्टिस सबै लाभप्रद हुन्छ। बाह्य प्रयोगमा यसले कडा गाँठोलाई गलाउँछ। वात रोग र पक्षघातमा यसको बाह्य प्रयोगबाट लाभ हुन्छ। यसको लेप दम, गठिया, सियाटिका चर्मरोग तथा कुष्ठरोगमा गरिन्छ। स्वरसमा नून मिलाएर नीलों (ब्रूस) र मर्किएको (स्प्रेन) ठाउँमा सुन्निएको उतार्नको लागि प्रयुक्त गरिन्छ। यो कर्णशूलको लागि पनि प्रयुक्त हुन्छ।

**जीवेम शरदः शतम्**

**बाह्य प्रयोगमा यसले कडा गाँठोलाई गलाउँछ। वात रोग र पक्षघातमा यसको बाह्य प्रयोगबाट लाभ हुन्छ। यसको लेप दम, गठिया, सियाटिका चर्मरोग तथा कुष्ठरोगमा गरिन्छ। स्वरसमा नून मिलाएर नीलों (ब्रूस) र मर्किएको (स्प्रेन) ठाउँमा सुन्निएको उतार्नको लागि प्रयुक्त गरिन्छ।**

दाद विशेषगरी रिङ्गवर्म जस्ता फङ्गल सङ्क्रमणमा यो लाभकारी हुन्छ। गले–सडेको व्रणमा लगाउँदा लसुनले प्रतिसङ्क्रामक कार्य गर्छ तथा घाउ निको गर्न मदत गर्छ। डा विष्णुप्रसाद मुखर्जीका अनुसार लसुनको पुल्टिसलाई कुनै पनि सुन्निएको भागमा बाँध्दा वा ताजा स्वरस मल्दा सुन्निएको निको हुन्छ।



श्री दस्तुरका अनुसार पिसाब रोकिएपछि पेटको तल्लो भागमा लसुनको पुल्टिस बाँध्नाले मूत्राशयको निष्क्रियता हराउँछ। हकीम दलजीत सिंहका अनुसार लसुन बाह्यतः लेखन र विलयन हो। यसलाई पिसेर एन्टिबायोटिक क्रिमसरह लगाइन्छ र आधा पाकेको खटिरालाई पकाउनको लागि पनि प्रयुक्त हुन्छ।

रासायनिक दृष्टिले यसबाट उत्पत् तैल, सङ्घटक–ऐलिल प्रोपाइल डाइसल्फाइड र दुई अन्य गन्धकयुक्त यौगिकले मुख्य भूमिका निर्वाह गर्छन्। मेडिसिनल प्लान्ट अफ इन्डियाका अनुसार लसुनमा पाइने एलिन नामक जैवसक्रिय पदार्थ एक प्रचण्ड जीवाणुनाशी हो। यस औषधिको २० देखि २५ प्रतिशत घोलको जीवाणुनाशी क्षमता कार्बोलिक अम्लभन्दा दुई गुना बढी हुन्छ। यसको बावजूद यसले स्वस्थ ऊतकलाई कुनै हानि पुऱ्याउँदैन। व्रणमा यसलाई विना कुनै हानिको प्रयुक्त गर्न सकिन्छ।

डा अरुणाचलम्का अनुसार लसुनको जल निष्कर्ष (जियोवायोस्–७, १, १९८०) स्ट्रेप्टोकोकस फिकेलिस एवं इन कोलायको विरुद्ध सामर्थ्य राख्छ। कवकको वृद्धिलाई पनि यसले रोक्छ।

व्यावहारिक प्रयोगमा सन्धिवात् गृधसी, शोथ–वेदना प्रधान रोगमा लसुनको तेलबाट मालिश गरिन्छ। पार्श्वशूलमा यसको फल्कको लेप र स्वरसको मालिश गरिन्छ। चिलाउने दादमा पनि लसुनको तेलको लेपले आराम दिन्छ। पक्षघातमा यसको अभिमर्दनबाट मांसपेशी पुनः सक्रिय हुने सम्भावना बढ्छ। सर्प तथा बिच्छीले टोकेपछि लसुनको ताजा कलि पिसेर लगाउनुपर्छ। जहाँसम्म विष चढेको छ, त्यहींसम्म यसको लेप लगाएर पट्टि बाँधेपछि विष उत्रिन्छ।

# सगरमाथाको उचाइसँगै बढेको कार्कीको चर्चा

गलकोट, १० चैत/रासस

विसं २०७६ जेठको पहिलो साता सरकारले सगरमाथाको उचाइ नाप्न नापी विभागको प्राविधिक टोली सगरमाथा पठाएको थियो। एक वर्षको तयारी र तालीमपश्चात् सरकारी प्राविधिक टोली सगरमाथा पुगेका थिए। सगरमाथा मापन गरी सङ्कलन गरेको तथ्याङ्कका आधारमा सगरमाथाको उचाइ पनि केही थपिएको छ। यसअघि आठ हजार ८४८ मिटर रहेको सगरमाथाको उचाइ ०.८६ मिटर थप भएर आठ हजार ८४८.८६ मिटर भएको घोषणा नेपाल सरकारले गरिसकेको छ। नेपाल र चीन सरकारद्वारा संयुक्तरूपमा २०७७ मङ्सिर २३ गते नयाँ उचाइ सार्वजनिक भएको हो। सगरमाथाको उचाइ सार्वजनिक भएसँगै एकाएक सगरमाथा मापनमा सहभागी नेपाली प्राविधिक टोली पनि चर्चाको शिखरमा पुगेको पाइएको छ।

नयाँ उचाइ सार्वजनिक गरेलगत्तै सगरमाथाको उचाइ मापन गर्नेको खोजी हुन थाल्यो। सगरमाथाको चुचुरोमैं पुग्ने नापी विभागका खिमलाल गौतम र रविन कार्कीको नाम एकाएक चर्चामा आयो। सगरमाथा आरोहण गर्नु आफैंमा चुनौतीपूर्ण विषय हो। चुनौतीको पहाड विश्वको उच्च शिखर सगरमाथा आरोहण गर्न सानोतिनो हिम्मतले पुग्दैन जसका लागि दृढ सङ्कल्प र आत्मबल आवश्यक पर्दछ। सगरमाथा शिखर चुम्ने कति आरोहीका इच्छा भएपनि सगरमाथाको चुचुरोसम्म नै पुग्न सक्दैनन्। कोही आरोही सगरमाथा चढेको खुशियालीसमेत साट्न नपाएका दुःखद खबर पनि हामीले सुन्दै आएका छौं। जीवन र मरणको दोसाँधमा रहेर सगरमाथा आरोहण गर्ने र देशको झन्डा फहराउने इच्छा त धेरैको हुन्छ, तर सबैको यो इच्छा पूरा भने नहुन सक्छ।

नेपाल सरकारले रविन कार्कीसहितको प्राविधिक समूहलाई सगरमाथा आरोहण मात्र होइन मापनको जिम्मेवारी पनि दिएको थियो। नेपालले पहिलोपटक सगरमाथाको उचाइ मापन गर्न खटाएको नापी विभागका चार सदस्यमध्येका एक हुन्, नापी अधिकृत रविन कार्की। कार्कीलगायतको समूहको चर्चा त्यति बेला शुरू भयो, जतिबेला उनीहरूले सकुशल सगरमाथाको उचाइ मापन गरेको समाचार सार्वजनिक भयो। मङ्सिरमा सरकारले सगरमाथाको नयाँ उचाइ सार्वजनिक गरेसँगै उनीहरूको चर्चा पनि बढेको हो। त्यसपछि उनीहरूलाई बधाईको ओइरोका साथै उनीहरूले आरोहणका समयमा गरेका अनुभवका कथाहरू पनि बाहिर आउन थाले।

जिल्लाको बागलुङ नगरपालिका–८ सिगानामा जन्मेका २८ वर्षीय रविन



**सगरमाथा मापन दलका सदस्य कार्की** : सगरमाथाको उचाइ मापनका लागि आधार शिविरबाट माथि उक्लिने क्रममा नापी अधिकृत तथा सगरमाथा मापन दलका सदस्य रविन कार्की। तस्वीर सौजन्य : नापी विभाग, रासस

कार्की नापी विभागको टोलीसँग सगरमाथाको मापन गर्ने सदस्यका रूपमा छनोट भएका एक सदस्य हुन्। उनीहरूको समूहले सगरमाथा आरोहण गरी सगरमाथाको उचाइको तथ्याङ्क लिएर सफलतापूर्वक फर्क्यो। उनीहरूको आरोहणका क्रममा सङ्कलन गरेको तथ्याङ्कका आधारमा सरकारले एक वर्ष छ महीनापछि सगरमाथाको नयाँ उचाइ सार्वजनिक गरेको थियो।

**उचाइ मापनमा सरकारलाई दुई उपलब्धि**

नेपालले पहिलोपटक आफ्नै प्राविधिकद्वारा सगरमाथाको उचाइ मापन गर्नु नै पहिलो उपलब्धि मान्दै आएको थियो। उचाइ मापन गर्नुपूर्व नेपाल सरकारले प्राविधिक समूहलाई विभिन्न देशमा पठाएर तालीमसमेत दिएको थियो। सगरमाथाको उचाइ नेपाल आफैंले नाप्नु पहिलो उपलब्धि थियो भने सगरमाथाको उचाइमा थोरै मात्र भएपनि वृद्धि हुनु अर्को उपलब्धिका रूपमा रहँदै आएको छ। सगरमाथाको आरोहणसँगै उचाइको तथ्याङ्क सङ्कलनका लागि पुगेका नापी विभागका प्रमुख नापी अधिकृत खिमलाल गौतमको टोलीसँगै पुगेका रविन कार्कीले सगरमाथाको उचाइ मापनले नेपालको शिर थप उच्च भएको बताए। जीवनको अग्निपरीक्षा उत्तीर्ण गरेको स्मरण गर्दै कार्कीले सगरमाथा आरोहण र मापनको काम जतिधेरै जटिल भएपनि सगरमाथाको उचाइ सार्वजनिक भएसँगै बिर्सिएको बताए। "आरोहण र मापनका क्रममा सगरमाथामा धेरै दुःख, सङ्घर्ष तथा आफूलाई समेत मृत्युको मुखमा पुऱ्याएर काम गरेका थियौं, यो दुःख दुःख मात्रै हुन्छ कि भन्ने थियो," कार्कीले भने, "तर अहिले सगरमाथाले नयाँ उचाइ पाउँदा सबै दुःख खुशीमा परिणत भए, हामी निकै खुशी भयौं।"

**यसरी सफल भयो सगरमाथाको उचाइ मापन**

इन्जिनीयर भइसकेपछि नापी अधिकृतका रूपमा नापी विभागमा कार्यरत रहँदा सगरमाथाको उचाइ मापनका लागि कार्कीले आवेदन गरे। उनलाई त्यस बेला थाहा थिएन सगरमाथा आरोहण यति कठिन होला भनेर। कार्कीले भने, "सगरमाथा आरोहण र उचाइको महत्त्व सगरमाथा चढ्ने क्रममा मात्रै धेरै बुझ्ने मौका मिल्यो," कार्कीले भने, "एउटा राष्ट्रसेवकले जन्मभूमिप्रतिको माया र सद्भाव दर्शाउन पाएको क्षण हो यो।" पहिलोपटक सगरमाथाको उचाइ मापनका लागि छनोट भई सगरमाथा पुगेका कार्कीले आफ्नै मृत्यु देखेर आएको स्मरण गर्छन्। "धेरैपटक मृत्युको जोखिममा पुगियो, सबैभन्दा ठूलो कुरा देशप्रतिको स्वाभिमान रहेछ, त्यही स्वाभिमानसहितको आत्मबलका कारण सफलता प्राप्त भएको छ।"

सगरमाथा मापनका लागि नापी विभागका मुख्य नापी अधिकृत खिमलाल गौतम, नापी अधिकृत रविन कार्की, सर्वेक्षण सुरज सिं भण्डारी र अमिन युवराज धितालको समूह अन्तर्राष्ट्रिय पथप्रदर्शक (गाइड) छिरिङजङ्बु शेर्पा, गाइड छेवाङ शेर्पा, पेमङनिमा शेर्पा र लाक्पा थिङ्द्रुत शेर्पाको समूह २०७६ चैत २६ गते काठमाडौंबाट सगरमाथाका लागि प्रस्थान गरेको थियो।

यसमध्ये गौतम र कार्कीसहित गाइड शेर्पा र लाक्पा थिङ्द्रुत शेर्पा मापनका लागि सगरमाथाको चुचुरोमा सफलतापूर्वक पुगेका थिए। "काठमाडौंबाट जब प्रधानमन्त्री केपीशर्मा ओली र तत्कालीन भूमि व्यवस्थामन्त्री पद्मा अर्यालले बिदाइका क्रममा फूलको माला गलामा पहिराउनुभयो। त्यस क्षणमा देशको जिम्मेवारी बोकेर सगरमाथातर्फ हिडें," कार्कीले भने, "निकै गर्वको महसूस भएको थियो, जुनसुकै अवस्थामा पनि सफलता प्राप्त गर्ने सङ्कल्पका साथ काठमाडौंबाट हिंडेका थियौं।" उनले सगरमाथाको आधार शिविर पुग्दा पाँच दिन ज्वरोले थला परेको र छैटौं दिनमा बिरामी शरीरले उचाइ मापन सामग्री बोकेर हिम्मतका साथ पहिलो क्याम्पतर्फ लागेको सुनाए। आधार शिविरमा उपचार गराएपछि कतै असफल हुने हो कि आशङ्का लागे पनि पछि भने स्वास्थ्यले साथ दिएको उनले सुनाए।


सगरमाथा चढ्नुपूर्वका तालीमहरू स्मरण गर्दै नापी विभागका दुई सदस्य आधा शिविरमा छोडेर १ नम्बर क्याम्प हुँदै २ नम्बर क्याम्पतर्फ लागेको कार्कीले बताए। आरोहण दलका दुई 'गाइड' छेवाङ शेर्पा, पेमङ्निमा शेर्पाले स्वास्थ्य समस्याका कारण यात्रा स्थगन गरेको उनी बताउँछन्। ३ नम्बर क्याम्पबाट आक्सिजनको प्रयोग आवश्यक थियो।

(बाँकी पाँचौं पातामा)

## फरक समाचार

# हरिणबाट ह्वेल विकसित

संसारको सबैभन्दा ठूलो माछा ह्वेल ५ करोड वर्ष पहिले जमीनमा चार खुट्टाले हिंड्ने गर्दथ्यो। पाकिस्तानमा भेटिएको अवशेषले यसको पुष्टि पनि गरेको छ। यो खुलासा अमेरिकाको नर्थइस्ट ओहियो मेडिकल युनिभर्सिटीको




अनुसन्धानले गरेको छ। वैज्ञानिकको भनाइ छ, करोडौं वर्ष पहिले सानो हरिणको वंशजबाट नै ह्वेल माछाको विकास भएको हो। वैज्ञानिक भाषामा यस जनावरलाई इन्डोहायस भनिन्छ।

नर्थइस्ट ओहियो मेडिकल युनिभर्सिटीका शोधकर्ताको भनाइ छ, सानो हरिण खानाको खोजीमा र आफूलाई शिकार हुनबाट बचाउनको लागि पानीमा हिप्पो पोटामससरह तैरिन्थ्यो। बिस्तारै–बिस्तारै त्यो पूर्णरूपले जलीय जीवमा परिणत भयो। यसको खुट्टा माछाको पखेटामा परिणत भयो।



डार्बिनका समयदेखि नै यही भनिन्छ कि ह्वेल स्तनधारी जीवबाट विकसित भएको हो। यद्यपि यो सधैं एउटा रहस्य नै रह्यो। ह्वेलको स्तनधारी जीवसँग कस्तो नाता छ, यो अब पत्ता लागेको हो।

पाकिस्तानमा भेटिएको अवशेषले यो कुराको पुष्टि गरेको छ। अवशेषमा स्यालको आकारको कङ्काल भेटिएको छ। यसको अध्ययन गर्दा खोपडी र कान भएको भाग हरिण र ह्वेलसँग निकै मिल्दोजुल्दो छ। वैज्ञानिकको भनाइ छ, अहिलेसम्मको अध्ययनले इन्डोहायसको माथिल्लो परत निकै मोटो थियो। यो ठीक त्यस्तै थियो, जस्तै स्तनधारीमा हुन्छ। यही विशेष पानीमा तैरिने स्तनधारी जीवमा हुन्छ, जस्तै हिप्पो पोटामसमा।

इन्डोहायस पानीमा रहन्थ्यो, यसको पुष्टि यसको दाँतमा पाइने केमिकलबाट पनि पुष्टि हुन्छ। दाँतमा भेटिएको आक्सिजन र कार्बन आइसोटोपको स्तरले बताउँछ कि यो पानीमा रहन्थ्यो। वैज्ञानिकको भनाइ छ, यसले के खान्थ्यो, अहिलेसम्मको अध्ययनबाट यो पत्ता लागेको छैन।

अवशेषमा भेटिएको कङ्कालको दाँतबाट पनि पुष्टि हुन्छ कि यो पानीमा आफ्नो निकै समय बिताउँथ्यो।

वैज्ञानिक थिविसेन भन्छन्, यो हरिण पानीमा घन्टौं बस्थ्यो र शिकारको पानी पिउने प्रतीक्षा गर्दथ्यो जस्तै गोहीले गर्छ। अवशेषबाट पत्ता लागेको छ कि यसको शरीर स्यालसरह लामो थियो र एउटा पुच्छर पनि थियो। यसको हाड ह्वेलसँग निकै मिल्दोजुल्दो छ।

# इको टावर बनाउने तयारी

लग्जरी डिनरका शौखिनहरूको लागि इटालीमा सय फिट अग्लो इको टावर बनाइँदै छ। हरियाली र तालको बीचमा बन्ने टावरमा खाना र खाजाको व्यवस्था छ। यहाँसम्म पुऱ्याउन ड्रोन तैनाथ रहन्छ, जसले पर्यटकलाई होटलबाट सीधैं टावरको छानासम्म लैजान्छ। टावरको नाम वर्टीपोर्टस राखिएको छ। यसको तस्वीर इटालीको कम्पनीले जारी गरेको छ।



पर्यटकलाई आकर्षित गर्न इटालीको यो नयाँ योजना हो। यस प्रोजेक्ट रोमको कम्पनी गियानकार्लो जेमा डिजाइन ग्रुपको हो। यस प्रोजेक्टको लागि एयर टयाक्सी बनाउने चिनियाँ कम्पनी हैंग होल्डिङसँग करार गरिंदैछ। दुवैले मिलेर यस प्रोजेक्टलाई चाँडै सम्पन्न गर्ने प्रयासमा छन्।

प्रोजेक्टको रिपोर्ट अनुसार खाना खाएपछि पर्यटकलाई होटलसम्म छोड्ने काम यही ड्रोन अर्थात् एयर टैक्सीले गर्नेछ। डिजाइनर्सको भनाइ छ, यो टावर अफ्रिकामा लामो उमेर हुने बायोबाब रूखबाट प्रेरित छ। टावर तयार गर्नमा लेमिनेटेड काठ र स्टीलको प्रयोग गरिने भएको छ।

हरेक टावरमा एउटा क्याफे, एउटा प्रतीक्षालय र २०५३ स्क्वायर फिटको पेनोरेमिक रेस्टुराँ हुनेछ। यहाँ सेन्ट्रल लिफ्टको माध्यमबाट पुग्न सकिन्छ। इको फ्रेन्डली टावरको छानामा लगाइएको नान सोलर प्यानलबाट ३ सय किलोवाट बिजुली एक दिनमा बनाउन सकिन्छ। ड्रोन पनि यसै टावरबाट तयार बिजुलीबाट चार्ज हुनेछ।

चिनियाँ कम्पनी हैंगको भनाइ छ, वर्टीपोर्टस शहरमा एयर मोबिलिटी मार्केट तयार गरिंदैछ। टावर कहाँ बनाइन्छ, यसको आधिकारिक जानकारी दिइएको छैन। तर विकसितकर्ताको भनाइ छ, इटालीको अलावा युरोप र साउथ इस्ट एशियामा पनि यस्तै टावर बनाउने योजना भइरहेको छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# दक्षिण कोरियाली राष्ट्रपतिले अस्ट्राजेनिकाको खोप लगाए

सोल, १० चैत/सिन्ह्वा

दक्षिण कोरियाका राष्ट्रपति मुन जाय इनले मङ्गलवार कोरोनाविरुद्धको खोपको पहिलो डोज लगाएको दक्षिण कोरियाली राजधानी सोलबाट प्राप्त भएको समाचारमा जनाइएको छ।



कोरोनाविरुद्धको खोप लिंदै दक्षिण कोरियाका राष्ट्रपति मुन जाय इन। तस्वीरः सिन्ह्वा

उनले अक्सफोर्ड र अस्ट्राजेनिकाले संयुक्तरूपमा विकास गरेको खोप लगाएका हुन्। उक्त कम्पनीको खोपका विषयमा विश्वका कतिपय देशमा विवाद उत्पन्न भएको थियो।

सो खोप लगाएका मानिसहरूमा रगत जम्ने समस्या देखा परेको भन्दै उक्त खोप नलगाउन भनिएको थियो। तर युरोपेली युनियनले गरेको अनुसन्धानका क्रममा भने सो खोपमा त्यस्तो खराबी नदेखिएको पाइएको बताइएको थियो।

राष्ट्रपति मुन जाय इनले दक्षिण कोरियाको राजधानी सोलमा रहेको एक पब्लिक हेल्थ सेन्टरमा पुगेर सो खोप लगाएको यहाँका टेलिभिजनहरूले देखाएका सो समाचारमा जनाइएको छ।

राष्ट्रपति मुन जाय इन केही दिनपछि केही देशको भ्रमणका लागि जाने भएका छन्। उनी आगामी जून महीनामा देश बाहिर जाने भएको एक समाचारमा जनाइएको छ।

त्यसैले सो भ्रमणलाई समेत मध्यनजर गरेर स्वास्थ्य सुरक्षाका लागि उनले खोप लगाएको जनाइएको छ। जर्मनी, फ्रान्स, इटालीलगायतका देशले शुरूमा यो खोप नलगाउने भनी सार्वजनिक घोषणा गरेको भएपनि पछिल्ला केही दिनयता पुनः यो खोप लगाउन थालेका बताइएको छ।

ती देशमा पनि यो खोप लगाएका बिरामीमा रगत जम्ने समस्या देखा परेको भन्दै सो खोप रोकेका थिए। तर अहिले भने युरोपियन मेडिसिन एजेन्सीले सो समस्या नदेखिएको र खोप सुरक्षित रहेको भनेपछि उक्त खोप ती युरोपेली देशले पनि लगाउन थालेका हुन्।

विश्व स्वास्थ्य सङ्गठनका विज्ञले खोप सुरक्षित रहेको दाबी गरेका थिए। विश्वमा हाल २७ लाख ३५ हजारभन्दा बढी मानिसको कोरोना भाइरसको सङ्क्रमणबाट मृत्यु भइसकेको छ।

यहीबीच विश्व स्वास्थ्य सङ्गठन, अस्ट्राजेनिका कम्पनी र युरोपेली औषधि नियामक निकाय (इएमए)ले अस्ट्राजेनिका खोप सुरक्षित रहेको बताएका छन्। उनीहरूको भनाइमा खोप लगाएका व्यक्तिमा रगत जमेको भन्ने विवरणमा पूर्ण सत्यता छैन।

विश्व स्वास्थ्य सङ्गठनकी प्रमुख वैज्ञानिक सौम्या स्वामिनाथनले आम जनतालाई नआत्तिन र अस्ट्राजेनिका खोप लगाउने कार्यलाई निरन्तरता दिन आग्रह गरेकी थिइन्।

अस्ट्राजेनिकाको खोप अहिले विश्व बजारमा सबैभन्दा सस्तो छ। कमजोर आर्थिक स्थिति भएका मुलुकका लागि सहज भएकाले पनि यो खोपको माग बढ्दो छ। युरोपबाहेकका अन्य मुलुकले यो खोप बढी प्रयोग गर्ने सम्भावना छ।

### भारतमा कोरोनाबाट मृत्यु हुने सङ्ख्या १ लाख ६० नाघ्यो

नयाँ दिल्ली/सिन्ह्वा

भारतमा गत २४ घण्टामा कोरोना सङ्क्रमणबाट १९९ जनाको मृत्यु भएपछि यहाँ कुल मृतकको सङ्ख्या एक लाख ६० हजार १६६ पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले मङ्गलवार जानकारी दिएको छ।

सोही अवधिमा यहाँ ४० हजार ७१५ जना थप व्यक्तिमा कोरोना सङ्क्रमण देखिएपछि कुल सङ्क्रमितको सङ्ख्या एक करोड १६ लाख ८६ हजार ७९६ पुगेको मन्त्रालयले जानकारी दिएको छ। कुल सङ्क्रमितमध्ये तीन लाख ४५ हजार ६४६ जना अहिले पनि सङ्क्रमित अवस्थामैं रहेका छन् भने कुल एक करोड ११ लाख ८१ हजार २५३ जना सङ्क्रमणमुक्त भएका छन्।

भारतमा जनवरीबाट कोरोना भाइरसविरुद्धको खोप अभियान शुरू भएको थियो। सो समयदेखि हालसम्म चार करोड ८० लाखभन्दा बढीले खोप लगाइसकेका छन्। त्यसैगरी, कोरोना परीक्षण गर्ने क्रम पनि चलिरहेको भारतीय चिकित्सा अनुसन्धान परिषद्ले जनाएको छ। परिषद्का अनुसार सोमवारसम्म भारतमा २३ करोड ५० लाखभन्दा बढी व्यक्तिको कोरोना परीक्षण गरिएको छ। सोमवार एकै दिनमा १० लाखभन्दा बढीको कोरोना परीक्षण गरिएको थियो। रासस

# अमेरिकाको कोलोराडोमा गोली हानेर १० जनाको हत्या

संयुक्त राज्य अमेरिका, १० चैत/एएफपी

अमेरिकी राज्य कोलोराडोमा सोमवार एउटा खाद्यान्नको सुपरमार्केटमा एक बन्दुकधारीले अन्धाधुन्ध गोली चलाउँदा कम्तीमा १० जनाको मृत्यु भएको छ। मारिनेमा एकजना प्रहरी पनि रहेका छन्।

प्रहरीले अमेरिकी इतिहासमा भएका सामूहिक आमहत्याकै यो एउटा बीभत्स हत्या शृङ्खला रहेको जनाएको छ।

गोली चलाउने एकजना शङ्कास्पद व्यक्तिलाई प्रहरीले घाइते अवस्थामा गिरफ्तार गरेको छ।

बाउल्डर काउन्टीका जिल्ला न्यायाधिवक्ता माइकल डाउहार्टीले घटनास्थल कोलोराडो राज्यको राजधानी डेन्भरबाट करीब ५० किलोमिटर उत्तरपश्चिममा रहेको जानकारी दिए।

प्रहरी प्रमुख मरिस हेरोल्डले किङ सूपर्स नामको सुपरमार्केटमा गोली चलेको खबर पाउनासाथ घटनास्थल पुगेका ५१ वर्षीय प्रहरी एरिक टाल्लीको पनि गोली लागेर मृत्यु भएको जानकारी दिए।

लाइभस्ट्रिम गरिएको भिडियोमा एकजना श्वेत अधबैंसे व्यक्तिलाई प्रहरीले घटनास्थलबाट बाहिर निकालेको देखिएको थियो।

राष्ट्रपति जो बाइडेनलाई उक्त घटनाका बारेमा जानकारी गराइएको ह्वाइट हाउसका प्रेस सचिव जेन साकीले बताएकी छन्। बाइडेनले गत महीना पनि बन्दुक राख्नेबारेमा सुविचारित निर्णय गर्न संसद्समक्ष आग्रह गरेका थिए।

कोलोराडोका गभर्नर जारेड पोलिसले बाउल्डरमा यस्तो गोलीकाण्ड भएको सुन्दा आफूलाई निकै दुःख लागेको बताएका छन्।

सुपरमार्केटभित्र रहेका उक्त घटनाका प्रत्यक्षदर्शीहरूले पछाडिको ढोकाबाट भाग्नुअघि धेरैपटक गोलीको आवाज सुनेको बताएका छन्। आठपटक बन्दुकको गोलीको आवाज सुनेका रायन बोरोसकीले आफू भाग्यले बाँचेको सिएनएनलाई प्रतिक्रिया दिए।

दर्जनौं बख्तरबन्द गाडी, एम्बुलेन्स र सशस्त्र प्रहरी तत्कालै घटनास्थलमा पुगेका थिए।

कोलोराडोमा अमेरिकी इतिहासमैं निकै डरलाग्दा दुईवटा आमहत्याका घटना भइसकेका छन्।

सन् १९९९ मा दुईजना युवाले आत्महत्या गर्नुअघि कोलम्बाइन उच्च माध्यमिक विद्यालयमा आक्रमण गरी विद्यार्थी र शिक्षक गरी १२ जनाको हत्या गरेका थिए।

त्यसपछि सन् २०१२ मा एकजना भारी हातहतियार लिएका एक व्यक्तिले कोलोराडोको अरोरास्थित चलचित्र हलभित्र प्रवेश गरी गोली चलाएर १२ जनाको हत्या गरेका थिए। रासस

# दुई वर्षभित्र चौथोपटक संसद्को चुनाव

जेरुसलेम, १० चैत/एएफपी

इजरायलमा दुई वर्षभित्रको अवधिमा चौथोपटक संसद्को निर्वाचन मङ्गलवार शुरू भएको छ। संसद्मा कुनै पनि दलले बहुमत ल्याउन नसकेपछि चौथोपटक चुनाव हुन लागेको हो।

प्रधानमन्त्री बेन्जामिन नेतन्याहूको लिकुड पार्टी पुनः सत्तामा पुग्छ वा पुग्दैन भन्ने यस चुनावले निर्क्योल गर्नेछ।

चुनावमा करीब ६५ लाख मतदाताले मतदान गर्नेछन्।

इजरायलको इतिहासमा राजनीतिक असमझदारीले लगातार चौथोपटक निर्वाचन हुन लागेको हो। पछिल्लोपटक संसद्मा कुनै दलले स्पष्ट बहुमत हासिल गर्न नसकेपछि मुख्य विपक्षीसँग मिलेर सत्ता साझेदारी गरे पनि गठबन्धन टुटेको थियो।

इजरायलका प्रधानमन्त्री नेतन्याहूमाथि भ्रष्टाचारको आरोप लागे पनि उनले प्रधानमन्त्री र पार्टीको नेता पदबाट राजीनामा गरेका छैनन्। उनीमाथिका मुद्दा हाल अदालतमा विचाराधीन अवस्थामा छ। तर प्रधानमन्त्री नेतन्याहूले आफूले भ्रष्टाचारजन्य कार्यहरू नगरेको दाबी गर्दै आएका छन्।

प्रधानमन्त्री नेतन्याहूले सत्ता छाड्नुपर्ने भन्दै केही दिनअघि प्रदर्शनहरू पनि भएका थिए। रासस

### आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | भयचिन्ता | वृष | विजय |
| मिथुन | धनलाभ | कर्कट | भाग्योदय |
| सिंह | मनोरञ्जन | कन्या | कर्मप्राप्ति |
| तुला | प्रगति | वृश्चिक | वादविवाद |
| धनु | यात्रालाभ | मकर | कडाश्रम |
| कुम्भ | ज्ञानोदय | मीन | वाहनकष्ट |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# सिम्रौनगढमा पुरातात्त्विक वस्तुको खोजी शुरू

प्रस, सिम्रौनगढ, १० चैत/

सिम्रौनगढमा जियो फिजिक्स सर्भे शुरू भएको छ। डुरान युनिभर्सिटी (युके)ले यो सर्भे शुरू गरेको हो।



सर्भे गर्दै पुरातत्त्वविद्हरू। तस्वीरः प्रतीक

यो सर्भेले जमीनमुनि रहेका पुरातात्त्विक सम्पदा, वास्तुकलाको बारेमा पत्ता लगाउने बताइएको छ। प्रसिद्ध ऐतिहासिक, पर्यटकीय तथा धार्मिक स्थलमा बाराको सिम्रौनगढ सूचीकृत छ। यसैले युनिभर्सिटीको टोली अनुसन्धानको लागि आएको हो।

पुरातत्त्वविद् डा डुक्सन रेले, डा मार्क मानुअल, नेपाल पुरातत्त्व विभागका सिनियर पुरातत्त्वविद् डा देवेन्द्रनाथ तिवारी, डा विष्णुप्रसाद पाठक र डा अजयराज सिंहको टोलीले सर्भे गर्दैछ।

सिम्रौनगढको चारैतिर रहेको सुरक्षा पर्खालको घेराभित्रका पुरातात्त्विक वस्तुहरूको खोजी गरिने बताइएको छ। सोको लागि टोलीले एक्स-रे मेशिनको प्रयोग गर्दैछ। ठाउँ-ठाउँमा एक्स-रे मेशिनको प्रयोग गरेर पुरातात्त्विक वस्तुहरूको खोजी भइरहेको स्थानीय रञ्जीत कुशवाहाले बताए।

सिम्रौनगढ-१ ननसागरा ढाट र खजानीस्थित सशस्त्र प्रहरीको बिट रहेको पिपरपाती क्याम्पनजीक, सिम्रौनगढ-४ हरिहरपुरस्थित कमलेश्वर महादेव मन्दिर क्षेत्र, वडा नं ७ कमलपुरस्थित बाँसबारी क्षेत्र, वडा नं ६ मा रहेको डढेको चामल क्षेत्रमा सर्भे भइरहेको पुरातत्त्व विभाग नेपालका वरिष्ठ पुरातत्त्वविद् डा तिवारीले बताए।

# मुसुरोबालीभित्र जुवा खेल्ने दुईजना पक्राउ

प्रस, वीरगंज, १० चैत/

जिल्ला प्रहरी कार्यालय, पर्साले मङ्गलवार दिउँसो बहुदरमाई नगरपालिका-९ विश्रामपुरबाट दुईजना जुवाडेलाई पक्राउ गरेको छ।

सूचनाको आधारमा इलाका प्रहरी कार्यालय, पोखरिया र जिल्ला प्रहरी कार्यालय, पर्साको टोलीले स्थानीय बेचु साहको मुसुरो बारीमा छापामारी गरेको र दुईजनालाई पक्राउ गरेको जिप्रका, पर्साले जनाएको छ।

६/७ जनाको समूहमा मुसुरोबालीभित्र जुवा खेल्दै गरेको अवस्थामा पक्राउ गर्न खोज्दा अन्य भागेका र सोही ठाउँका ४० वर्षीय उमेशराउत कुर्मी र ३० वर्षीय लालबाबू प्रसाद पक्राउ परेको प्रहरीले जानकारी गराएको छ।

जुवाको खालबाट रु २१ हजार २६० नगद र ३ बूक तास बरामद भएको थियो।



तस्वीर सौजन्यः जिप्रका, पर्सा

पक्राउ परेकाविरुद्ध सार्वजनिक हित, स्वास्थ्य सुरक्षा, सुविधा, नैतिकताविरुद्धको कसूरमा मुद्दा चलाएको जिप्रका पर्साले जनाएको छ।

### सगरमाथाको उचाइसँगै.....

"निकै उकालो पार गर्दै अगाडि बढ्ने क्रममा आँखैअगाडिबाट चट्टानका सानासाना टुक्रा हावाको वेगसँगै खस्दा टाउको जोगाउनै मुश्किल भएको र बाँचिन्छ होला भन्ने नै लागेको थिएन," कार्कीले भने, "तर मर्न नलेखेपछि जस्तो परिस्थितिमा पनि बाँचिदो रहेछ भन्ने लाग्यो।" निकै असहजबीच ४ नम्बर क्याम्पमा पुगेका हामी मौसम निकै खराबीका कारण एक दिन यात्रा स्थगन गरियो आक्सिजन धेरै खपत भयो। यात्राका क्रममा मरेका आरोहीहरूको लाश देख्दा मनमा चीसो पस्थ्यो, केही शङ्का लाग्थ्यो, एक छिनपछि हिम्मत पलाउँथ्यो उनले स्मरण गर्दै भने, "किनकि हामीले आरोहण मात्र हैन सगरमाथाको मापनसमेत गर्नुछ।" "क्याम्पमा सुत्ने बेलामा क्याम्पछेउमैं लाशका थुप्राहरू थिए, मनमा निकै डर लाग्थ्यो सुत्न सकिएन," उनले भने।

यात्रामा एक दिन ढिला हुँदा आक्सिजनको खपत बढी हुने र यदि त्यसो भयो भने आक्सिजन नपुग्ने समस्या थियो। उनी भन्छन्, "गौतम सरले एकपटक मलाई भन्नुभयो तिमी जवान छौ, आक्सिजनको अभाव हुन सक्नेछ म यहीं बस्छु, तिमी शिखरमा जाऊ। पछि हिम्मतका साथ गौतम सरसँगै चारजनाको टोली जेठ ७ गते १:४५ बजे सगरमाथातर्फ प्रस्थान गर्‍यौं।

बेलुका ८ बजे बालकोनीमा पुगेर आक्सिजन फेरेर पुनः उकालो लाग्यौं। अनेक समस्यासँग जुध्दै बिहान ३ बजे सगरमाथामा पुग्न सफल भयौं," कार्कीले स्मरण गरे। संसारको अग्लो चुचुरोमा पुग्दा थाम्नै नसकिने गरी खुशीका आँसु बगेको उनले सम्झिए। चुचुरोमा पुगेका छिरिङ र लाक्पाको सहयोगमा गौतम सरले र मैले तथ्याङ्क जम्मा गरी दुई घण्टामा चुचुरोबाट तल झर्‍यौं। त्यति बेला थकानको कुनै महसूस नभएको उनको भनाइ छ।

**फर्किंदा झन् समस्या**

उनले सगरमाथाको चुचुरो चुमेर फर्किंदै गरेको अनुभव सुनाउँदै भने, "फर्कने क्रममा आक्सिजन सकिन लागेको महसूस भयो। बालकोनीसम्म आउन २०० मिटर बाँकी थियो, एक्कासि बेहोश भएछु, थाहै भएन। गाइड छिरिङले मलाई उद्धारका लागि डोरीमा बाँधिसकेका रहेछन्। त्यसै क्रममा अपरिचित आरोहीले सहयोग गरेको एक सेट आक्सिजन सिलिन्डरको प्रयोगबाट बाँच्न सफल भएँ। त्यो दिन जेठ ८ गतेलाई मैले पुनर्जन्म भएको महसूस गरें। अपरिचिति आरोहीले दिएको एक सेट आक्सिजनका कारण जीवित हुन पाएँ। अहिले सम्झँदा निकै झसङ्ग हुन्छु।"

सगरमाथा आरोही र आफूहरूमा केही फरक रहेको उनको अनुभव छ। कार्की भन्छन्, "उनीहरू खाना, पानी र आक्सिजन मात्र बोकेर सगरमाथा चढ्थे, हामी मापन गर्ने यन्त्रसँगै सगरमाथा पुग्यौं।"

सफल आरोहणपछि हेलिकप्टरमार्फत जेठ ९ गते काठमाडौं आएको नापी विभागको टोलीलाई सबैले गरेको सम्मानले आफ्नालागि हिम्मत हारे पनि देशका लागि हिम्मत जुटाएका कारण सफलता हासिल गरेको कार्कीले बताए।

लोकसेवाको तयारी
निजामती सेवाः शाखा अधिकृत, प्राविधिक सहायक (प्रा.स.), नायब सुब्बा, महिला विकास निरीक्षक, खरिदार, अमिन (सर्वेक्षक), विद्यालय निरीक्षक, कृषि तथा भेटेनरी जेटिए)
शिक्षक सेवाः माध्यमिक तह, निमावि तह, प्राथमिक तह, टिचिङ लाइसेन्स, त्रि.वि. सेवा आयोगका विभिन्न तह
ACHIEVERS INSTITUTE
Birgunj-8, Panitanki (Near Decimal College)
9823389488, 9865415634, 9811299300

Poonam Arts
......A Complete art Solution
- Flex Print - Sticker Print
- Dps Board - Light Board
- Glowsing Board
- Wall Painting
- Stall Decoration
- 2D-3D Board
- Hoarding Board
- Digital Hoarding Board
National Trading, Main Road, Birgunj
Ph: 051-525653

Om Advertising
A Complete art Solution
3D Flex Print 2D
Flex Print, Backlit Print, inyle Print, Reflective Print, Hoarding Board, Glowsing Board, LED Board, Sticker Print, Wall Painting, Shutter Painting, Welcome Gate, Name/No. Plate
Parwanipur, Bara
9802818703, 9846418703

Admission Open
BBA (Bachelor of Business Administration)
BBA-TT (Bachelor of Business Administration-Travel & Tourism)
BCA (Bachelor of Computer Aplication)
CITIZEN COLLEGE
POKHARA UNIVERSITY AFFILIATE
Kumaripati, Lalitpur (Opposite to Mahayaan Petrol Pump)
01-5545684, 5545685, 9851000035

रानीघाट-पोखरिया बस समिति
भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे

# बारामा १२ जनामा हात्तीपाइले रोग भेटियो

प्रस, निजगढ, १० चैत/

राष्ट्रिय हात्तीपाइले रोग निवारणसम्बन्धी एक दिने पत्रकारहरूसँगको अन्तर्क्रिया कार्यक्रम मङ्गलवार सम्पन्न भएको छ।



तस्वीर: प्रतीक

कार्यक्रममा स्वास्थ्य कार्यालय बाराका निमित्त प्रमुख रामनरेश यादवले हात्तीपाइले रोग लागिसकेपछि रोग दीर्घकालसम्म निर्मूल नहुने बताउँदै बरु रोग रोकथाम गर्न सकिने जानकारी दिए।

क्युलेक्स नामक लामखुट्टेको टोकाइबाट यो रोग सर्ने भन्दै पानी जम्ने स्थान, फोहोरमैलामा यो लामखुट्टे रहने हुनाले त्यस्ता स्थानमा सो रोग बढ्न सक्ने अधिक सम्भावना रहने उनले बताए।

बाराको महागढीमाई नगरपालिकाको वडा नं २ का ८ जना र वडा नं ५ का ४ जना गरी १२ जनामा डेढ महीनाअघि मात्रै हात्तीपाइले रोग फेला परेको जानकारी दिंदै बारामा यो रोग निर्मूल नभएको यसै घटनाले देखाएको उनको भनाइ थियो। करीब ३ सयजनाको रगत परीक्षण गर्दा १२ जनामा यो परजीवी रहेको बिरामी फेला परेपछि यसको सूक्ष्मरूपमा स्वास्थ्य सर्भे गर्ने तयारी गरिएको उनले जानकारी दिए। पहिले पहिले वृद्धवृद्धामा यो परजीवी भेटिए पनि अहिले १८–२० वर्षदेखि ३५–४० वर्ष उमेर समूहका व्यक्तिमा पनि पाइएको बताए। स्वास्थ्य सर्वेक्षण गर्दा कहींकतै छुटपुट हुन सक्छ। यस्तो बेलामा समयमैं सम्बन्धित स्वास्थ्यकर्मी तथा स्वास्थ्य कार्यालयमा जानकारी गराउनसमेत निमित्त प्रमुख यादवले आग्रह गरे।

यसको औषधि सेवन गर्दा शरीरमा परजीवी हुने व्यक्तिहरूलाई रिङ्गटा लाग्ने, बेहोश हुनेलगायतका लक्षणहरू देखा पर्न सक्छन् भने शरीरमा हात्तीपाइले रोगको परजीवी नहुने व्यक्तिहरूलाई कुनै असर देखा नपर्ने समेत उनले जानकारी दिए।

अन्तर्क्रियामा स्वास्थ्य कार्यालयका शङ्कर गुप्ताले प्रदेश २ को बारा जिल्लामा मात्र हात्तीपाइले रोग निवारणसम्बन्धी अभियान सञ्चालन हुन बाँकी रहेको बताए। उनले पर्साबाट शुरू भएको यो अभियान प्रदेश २ का सातवटै जिल्ला र देशभरिका ६३ वटा जिल्लामा सम्पन्न भएको जानकारी गराए।

गुप्ताले हात्तीपाइले रोगको औषधि दुई वर्षमुनि, सुत्केरी र सिकिस्त बिमारीबाहेक सबैलाई खुवाउने बताए। यो वर्ष हात्तीपाइलेको औषधि सम्बन्धित व्यक्तिलाई नै खुवाउने अभियान चलाइने उनले जानकारी गराए।

स्वास्थ्य कार्यालयका अमजद मिकरानीले हात्तीपाइले रोग सरुवा रोग भएको बताए। उनले यो रोगबाट अशक्त, असमर्थ र अपाङ्गसम्म हुन सक्ने जानकारी गराए। बारा जिल्लामा चैत २० गतेदेखि हात्तीपाइले रोगको औषधि खुवाउने हुनाले सबैलाई सो अभियानमा सक्रियतापूर्वक सहभागी हुन आग्रह गरे। उनले हात्तीपाइले रोगको औषधि खाली पेटमा नखान आग्रह गरे।

अन्तर्क्रिया स्वास्थ्य कार्यालय बाराका निमित्त प्रमुख यादवको अध्यक्षता तथा बाराका पत्रकार सत्यप्रकाश श्रेष्ठको प्रमुख आतिथ्यमा भएको थियो। कार्यक्रममा ५० जनाभन्दा बढी पत्रकारको सहभागिता थियो।

# प्रदेश २ मा दुर्घटनामा वृद्धि

प्रस, जीतपुर, १० चैत/

२ नं प्रदेश ट्राफिक प्रहरी कार्यालय पथलैयाका प्रमुख प्रहरी उपरीक्षक हिमालयकुमार श्रेष्ठले दुर्घटनामा वृद्धि भएको बताएका छन्।

चालू आव २०७७/०७८ को साउन–फागुन ८ महीनामा पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा र सप्तरी जिल्लामा २ हजार ७ सय ८९ वटा सवारी दुर्घटना भएको उनले बताए। सो दुर्घटनामा २६५ जना पुरुष, ४७ जना महिला, २३ जना बालक, १९ जना बालिका गरी ३५४ जना र ३२ वटा चौपायाको मृत्यु भएको प्रउ श्रेष्ठले बताए। यसैगरी, सोही दुर्घटनामा १ हजार ३ सय १५ जना गम्भीर घाइते भएका छन् भने २ हजार ८ सय ८१ जना सामान्य घाइते भएको प्रउ श्रेष्ठले जानकारी गराए।

उनले दुर्घटनाका कारण मादक पदार्थ




सेवन, यान्त्रिक गडबडी, ओभरटेक, यात्रीको गलती, बिग्रिएको सडक, मौसमको अवस्था र चौपाया रहेको बताए।

### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
| --- | --- | --- | --- | --- |
| | | जानकारी आएन | | |




# गाँजासहित महिला पक्राउ

प्रस, वीरगंज, १० चैत/

इलाका प्रहरी कार्यालय जीतपुरले १२ किलो गाँजासहित एकजना महिलालाई


तस्वीर सौजन्य: जिप्रका, बारा

सोमवार साँझ पक्राउ गरेको छ।

जीतपुरसिमरा उपमहानगर–७ टेढारोडमा प्रहरीले चेकजाँच गर्दा पर्सा जिल्ला, जीराभवानी गाउँपालिका–४ बस्ने ५० वर्षीया मीना देवीबाट सो परिमाणको गाँजा बरामद भएको बारा प्रहरीका प्रवक्ता प्रनाउ गौतम मिश्रले बताए। जीतपुरबाट पटेर्वासुगौली जाने क्रममा अटो कुरेर बसेकी ती महिलालाई शङ्काको आधारमा चेकजाँच गर्दा झोलामा लुकाएको १२ किलो गाँजा बरामद भएको थियो। पक्राउ परेकी महिलालाई हिरासतमा राखेर कारबाई अगाडि बढाइएको प्रवक्ता मिश्रले बताए।

## खेलकूदको संसार

# कराँतेमा वीरगंजकी स्नेहा र अस्मितालाई रजत पदक

प्रस, वीरगंज, १० चैत/

क्युकोशिन कराँते राष्ट्रिय प्रतियोगिता–२०२१ मा पदक जित्न सफल खेलाडीहरू वीरगंज आइपुगेका छन्। प्रतियोगितामा प्रदेश नं २ को प्रतिनिधित्व गर्दै वीरगंजकी स्नेहा महतो र अस्मिता धरेलले रजत पदक जितेकी हुन्।


मुख्य प्रशिक्षक महतोसँगै पदक विजेता स्नेहा (दायाँ) र अस्मिता बायाँ। तस्वीर: प्रतीक

सोमवार राति वीरगंज आइपुगेका खेलाडीहरूले मङ्गलवार प्रतीककर्मीसँग कुरा गर्दै प्रतियोगिताको अवस्था, अनुभव र सफलताबारे जानकारी गराएका थिए। भक्तपुर जिल्लाको मध्यपुर थिमी नगरपालिकामा चैत ६ र ७ गते दुई दिन सञ्चालित प्रतियोगितामा नेपाल सिन क्युकोशिन कराँते डोजो वीरगंजका खेलाडी स्नेहा महतोले महिला खुल्ला तौल समूहमा दोस्रो स्थान हासिल गरेकी थिइन्। त्यसैगरी, ४५ किलो तौल समूहमा सोही डोजोकी अस्मिता धरेलले दोस्रो स्थान हासिल गरी प्रदेश २ को लागि रजत पदक दिलाएकी थिइन्। शिन क्युकोशिन कराँते डोजो वीरगंजबाट चारजना खेलाडीले भाग लिएकोमा दुईजनाले पदक हात पारेको उक्त डोजोका मुख्य प्रशिक्षक राजकुमार महतोले जानकारी गराएका छन्।

शिन क्युकोशिन कराँते एशोसिएशनका राष्ट्रिय उपाध्यक्षसमेत रहेका महतोले राष्ट्रिय प्रतियोगितमा राम्रो खेल प्रदर्शन गर्नुका साथै उपाधि हासिल गरेर आफनो प्रदेश, जिल्ला र वीरगंज महानगरको समेत नाम उँचो पार्न आफ्नो डोजो सफल भएको बताए। क्युकोशिन कराँते स्वस्थ, तन्दुरुस्तीका साथै आत्मरक्षाको निम्ति पनि भरपर्दो हुने भएकोले हरेक पालिकाले यस खेलको विकासमा ध्यान दिनुपर्ने मुख्य प्रशिक्षक महतोले जोड दिए।

# मेयर कप: बजाज खडक वारियर्स र रूपनी राइडर्स विजयी

महबुब रजा, राजविराज, १० चैत/

सप्तरीको राजविराजस्थित राज रङ्गशालामा जारी राजविराज मेयर कप सप्तरी प्रिमियर लिग अन्तर्गत मङ्गलवार तेस्रो दिन दुईवटा खेल भए। उक्त खेलमा कुशल भुर्तेल कप्तानीको रूपनी राइडर्स र विवेक यादव कप्तानीको बजाज खडक वारियर्सले जीत हासिल गरेका छन्।

पहिलो खेलमा रूपनी राइडर्सले दीपेन्द्र सिंह ऐरी कप्तानीको तिलाठी कोइलाडी जायन्ट्सलाई १५ रनअन्तरले पराजित गऱ्यो।

रूपनी राइडर्सले १५४ रनको लक्ष्य दिएकोमा तिलाठी कोइलाडी जायन्ट्सले १९.३ ओभरमा सम्पूर्ण विकेट गुमाएर १३८ रन मात्रै बनाएर पराजित स्वीकार गऱ्यो। लक्ष्य पछ्याउने क्रममा तिलाठी कोइलाडीको लागि कप्तान ऐरीले सर्वाधिक ४९ रन बनाएका थिए। उनले ३९ बलमा ३ चौका र ४ छक्का प्रहार गरेका थिए। सन्तोष कार्कीले २७ बलमा ३७ र दिपेश कँडेलले १५ बलमा २८ रन बनाएका थिए।



रूपनी राइडर्सको बलिङमा अनिल यादव र सुमित झाले समान दुई विकेट लिएका थिए। सुनील धमला, फिर्दोष अन्सारी र कुशल भुर्तेलले समान १ विकेट लिएका थिए।

यसअघि टस जितेर ब्याटिङ गरेको रूपनी राइडर्सले २० ओभरमा ७ विकेट गुमाउँदै १५३ रन बनाएको थियो। रूपनीका लागि ओपनर अमित यादवले सर्वाधिक ४६ रन बनाए। उनले ४८ बलमा ५ चौका र १ छक्का प्रहार गरेका थिए। अर्का ओपनर सुनील धमलाले १९ बलमा ३ चौका र ३ छक्काको मदतले ३२ रन बनाए। लोकेश बमले २२, फिर्दोष अन्सारीले २० र नीरज मुखियाले १७ रन बनाएका थिए।

तिलाठी कोइलाडीको बलिङमा दिपेश कँडेलले सर्वाधिक ३ विकेट लिए। उनले ४ ओभरमा २८ रन खर्चिए। राशिद खान र आदिल अन्सारीले समान १ विकेट लिएका थिए। पहिलो खेलको प्लेयर अफ द म्याच रूपनी राइडर्सका सुनील धमला घोषित भए।

मङ्गलवारको दोस्रो खेलमा बजाज खडक वारियर्सले सिद्धान्त लोहनी कप्तानीको बोदे बर्साइन थन्डर्सलाई ४१ रनअन्तरले पराजित गरेको छ। बजाज खडक वारियर्सले दिएको १८७ रनको लक्ष्य पछ्याउने क्रममा बोदे बर्साइन थन्डर्सले २० ओभरमा सम्पूर्ण विकेट गुमाएर १४५ रन मात्रै बनाउन सक्यो।

बोदे बर्साइनको लागि कप्तान सिद्धान्त लोहनीले सर्वाधिक २९ रन बनाए। यस्तै, अविनाश कर्णले १९, योगेन्द्र सिंह कार्कीले १७, सकिम आलम र विशाल सुश्लिङ्ले समान १४ र वसन्त रेग्मीले १३ रन बनाएका थिए।

बजाज खडकको बलिङमा अनिल खरेलले सर्वाधिक ४ विकेट लिए।

सो क्रममा ४ ओभरमा २८ रन खर्चिएका थिए। त्यसैगरी, भुलावन सहनीले ३, पप्पु यादव र पवन सर्राफले समान १ विकेट लिएका थिए।

टस जितेर ब्याटिङ रोजेको बजाज खडक वारियर्सले २० ओभरमा ३ विकेट गुमाएर १८६ रन बनाएको थियो। बजाज खडक वारियर्सको लागि ओपनिङ ब्याटिङ गरेका अनिल साहले प्रतियोगिताकै पहिलो शतक बनाउने क्रममा अविजित १०० रन बनाए।

त्यस क्रममा उनले मात्र ५० बलको सामना गर्दै ७ चौका र ८ छक्का प्रहार गरेका थिए। त्यसैगरी, कप्तान विवेक यादवले १७ बलमा ३०, प्रशान्त राईले ३६ बलमा २७ र पवन सर्राफले ५ बलमा अविजित २२ रनको योगदान दिए।

बोदे बर्साइन थन्डर्सको बलिङमा वसन्त रेग्मीले सर्वाधिक २ विकेट लिएका थिए। यस क्रममा ४ ओभरमा १८ रन खर्चेर पप्पु यादवले १ विकेट लिए भने अन्य बलर विकेटविहीन रहे। यस खेलको प्लेयर अफ द म्याच अनिल शाह घोषित भए।

जारी लिग अन्तर्गत बुधवार पनि दुईवटा खेल हुने आयोजक समितिले जनाएको छ। पहिलो खेलमा बिहान ९ बजेदेखि रूपनी राइडर्स र बजाज खडक वारियर्स तथा दोस्रो खेलमा टिभिएस किंग्स राजविराज र तिलाठी कोइलाडी जायन्ट्सले प्रतिस्पर्धा गर्नेछन्।